स्थानीय सरकार

# चौविसे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

प.सं. :- २०८१/८२
च.नं. :- 1335

कोशी प्रदेश, नेपाल

मितिः २०८२/०२/२६

विषयः आवश्यक सहयोग तथा समन्वय गरिदिने सम्बन्धमा।

श्री ईलाका प्रहरी कार्यालय,
राजारानी, धनकुटा।

प्रस्तुत विययमा यस चौविसे गाउँपालिका, ईलाका वन कार्यालय, ईलाका प्रहरी कार्यालय, राजारानी तथा सरोकारवालाहरुको मिति २०८२/०२/२६ गते बसेको संयुक्त बैठकको निर्णय बमोजिम यस गाउँपालिकाले निजी वन तथा निजी नम्बरी आवादी भित्रका रुखहरु कटानी तथा ढुवानीका सम्पूर्ण कार्यहरु तीन महिना (२०८२ आषाढ- ३ गतेदेखि भाद्र मसान्त) सम्म वन्द हुने सम्बन्धी सूचना जारी गरी सकेको जानकारी अनुरोध छ साथै सोही सूचना अनुसार आवश्यक सहयोग तथा समन्वय गरिदिन हुन अनुरोधछ।

..........................
राज कुमार लिम्बू
अध्यक्ष

Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२
*'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'*

स्थानीय सरकार
चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८१/८२
च.नं. :-

मितिः २०८२/०२/२६

## गोलिया काठ कटानी तथा ढुवानीका सम्पुर्ण कार्य वन्द हुने सम्बन्धी सूचना।

यस चौविसे गाउँपालिका, ईलाका वन कार्यालय, ईलाका प्रहरी कार्यालय, राजारानी तथा सरोकारवालाहरुको मिति २०८२/०२/२६ गते बसेको संयुक्त बैठकको निर्णय बमोजिम निजी वन तथा निजी नम्बरी आवादी भित्रका रुखहरु कटान गरी ओसार पसार गर्दा वर्षातको समयमा बाटो/सडक विग्रने तथा विपत आउने सम्भावना समेत देखिएकोले कटान भएका काठहरुलाई २०८२ आषाढ २ गतेसम्ममा नियमानुसार ओसार-पसार गरी सक्नु पर्नेछ र त्यस पश्चात (आषाढ- ३ गतेदेखि भाद्र मसान्त) तीन महिना काठ कटानी, ढुवानीका सम्पूर्ण कार्य बन्द हुने भएकोले सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ साथै उक्त अवधी भित्र काठ ओसार-पसार गरे नियमानुसार कारवाही गरिने समेत अनुरोधछ।

राज कुमार लिम्बू
अध्यक्ष

Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोबाइल नं. ९८५२०६२४०२
'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'